# ‘तिउरीको फूल पायरियाको गन्ध’ कथामा अग्रभूमि निर्माण


## डा. बाबुराम आचार्य*



**लेखसार**

*साहित्यिक रचनामा लेखकद्वारा नवीनता सिर्जना कसरी भएको छ भनेर हेर्ने मुख्य आधार अग्रभूमि निर्माण हो । यसले रचनाको कुनै विशेष भागलाई विशिष्ट बनाउन त्यसमा विशेष जोड दिएर अगाडि ल्याउने काम गर्दछ । यो साहित्यिक कृतिको शैलीविश्लेषण गर्ने विशेष पद्धति हो । समानान्तरता र विचलन अग्रभूमि निर्माणका मुख्य आधार हुन् । शाब्दिक तथा आर्थी पुनरुक्तिले समानान्तरतालाई जनाउँछ भने नियम वा मानकको उल्लङ्घनले विचलनलाई चिनाउँछ । काव्यात्मक भाषा भएका साहित्यिक रचनामा अग्रभूमि निर्माणको प्रक्रिया सशक्त रूपमा प्रस्तुत भएको हुन्छ । काव्यका अतिरिक्त पारिजातका कतिपय कथा उपन्यासमा पनि काव्यात्मक भाषाको प्रयोग भएको हुनाले अग्रभूमि निर्माणका उपकरणका आधारमा शैलीविश्लेषण गर्न सकिने मान्यतालाई उनको ‘तिउरीको फूल पायरियाको गन्ध’ कथाबाट उदाहरण लिएर पुष्टि गरिएको छ । यस आलेखमा सैद्धान्तिक धारणाको उपस्थापनपछि उदाहरण प्रस्तुत गरिएको हुनाले निगमन विधिको उपयोग भएको छ । विश्लेष्य कथामा समानान्तरता र विचलनको प्रयोगद्वारा मान्छेले कुरूप देखेको वस्तुलाई पनि यौन भावनाले हेर्‍यो भने सुन्दर देखिन्छ भन्ने मूल मर्म प्रभावकारी र कलात्मक रूपमा प्रस्तुत भएको विचारसहित यसबाट कुनै पनि साहित्यिक कृतिको समानान्तरता र विचलनका आधारमा शैली विश्लेषण गर्न सकिने आधार स्पष्ट भएको निष्कर्ष प्रस्तुत गरिएको छ ।*



**शब्दकुञ्जी**

शैली विश्लेषण, समानान्तरता, विचलन, मानक, काव्यात्मक भाषा ।


**विषयपरिचय**

भाषा विचार सम्प्रेषणको वाहक हो । प्रयोग सन्दर्भ र विषयका आधारमा यसका विविध भेदहरू पाइन्छन् । सामान्य लेखनको तुलनामा साहित्यिक लेखनमा प्रयोग हुने भाषाको रूप विशिष्ट हुन्छ । यस क्रममा विषयगत आधारमा साहित्यमा प्रयोग हुने भाषाको रूपलाई भाषाको साहित्यिक भेद भनिन्छ । भाषाको सामान्य रूपको प्रयोग औपचारिक तथा अनौपचारिक व्यवहार र साहित्येतर


* सहप्राध्यापक, जनता विद्यापीठ, ने.सं.वि., दाङ ।

विषयमा गरिन्छ भने विशिष्ट रूपको प्रयोग साहित्यिक रचनामा हुन्छ। यस्तो भेदमा पनि विधाअनुसार फरकफरक रूप पाइन्छ। कविता, कथा, नाटक, निबन्ध आदिमा प्रयोग हुने भाषामा भिन्न विशेषता र विशिष्ट रूप हुन्छन् नै। यसरी प्रयोग हुने विशिष्ट रूपका प्रकार र प्रक्रियाको अध्ययन गर्ने मुख्य सिद्धान्त शैलीविज्ञानअन्तर्गतको अग्रभूमि निर्माण हो। रागात्मक भाषा र विशिष्ट शैली साहित्यको मुख्य विशेषता हो। अन्य विधाका तुलनामा कवितामा सूत्रात्मक भाषाको प्रयोग हुन्छ। आख्यान गद्य विधा भए पनि यसमा प्रयोग हुने भाषा पनि विशिष्ट नै हुन्छ। विशिष्ट भनेको विशेष हो जसलाई सामान्य वा मानक व्याकरणिक नियमका आधारमा व्याख्या गर्न मिल्दैन। भाषामा विशिष्टता सिर्जना हुने विभिन्न आधारहरू हुन्छन्, तिनको व्याख्या गर्ने पद्धति पनि विशिष्ट नै छन् र भिन्न भिन्न छन्। भाषाको सौन्दर्य पक्ष विशिष्ट प्रयोगमा खोजिन्छ। विशेषगरी शैलीविज्ञानले साहित्यमा प्रयुक्त भाषाको सौन्दर्य पक्षको वस्तुनिष्ठ अध्ययन गर्दछ। शैलीविज्ञानअन्तर्गत पनि अग्रभूमि निर्माण साहित्यिक रचनामा प्रयुक्त शैली पक्षको अध्ययन गर्ने एउटा महत्त्वपूर्ण पद्धति हो। समानान्तरता र विचलन अग्रभूमीकरणका निर्धारक उपकरणहरू हुन्।

नेपाली साहित्यका विविध विधामा कलम चलाउने साहित्यकार पारिजातको आख्यान विधामा विशेष योगदान रहेको छ। कथा उपन्यासका साथै कविता, आत्मसंस्मरण र निबन्ध विधामा पनि उनका कृतिहरू प्रकाशित भएका छन्। आख्यानअन्तर्गत 'मैले नजन्माएको छोरो' (२०२१) कथा र *शिरीषको फूल* (२०२२) उपन्यासमा विशेष चर्चा कमाएकी पारिजातका चार ओटा कथासङ्ग्रह र दसओटा उपन्यासहरू प्रकाशित छन्। चित्रात्मक नवीन शैली, अस्तित्ववादी विसङ्गतिवादी चिन्तन, यौन कुण्ठा र विसङ्गत जीवनको चित्रण, विद्रोही चेतना, बौद्धिक तथा काव्यात्मक भाषाको प्रयोग पारिजातको कथाकारिताका मुख्य विशेषता हुन्। चेतनप्रवाह शैलीको प्रयोग पनि उनको कथाकारितामा पाइने महत्त्वपूर्ण पक्ष हो। उनका सबै कथा चर्चित र उत्कृष्ट मानिन्छन्। प्रस्तुत 'तिउरीको फूल पायरियाको गन्ध' कथा चेतनप्रवाहयुक्त शैलीको प्रयोग अनि विसङ्गतिभित्र पनि अस्तित्व खोज्ने प्रयास भएको रचना हो। यसमा एकातिर तिउरीको फूल अर्थात् म पात्रकी सुन्दर र सफा श्रीमतीको चित्रण छ भने अर्कातिर पायरियाको गन्ध अर्थात् एउटी यौवनावस्थाकी बेसहारा फोहरी तर बाटो हिड्नेसमेतको यौनप्यास मेटाउन बाध्य लाटीको चित्रण गरिएको छ। सुरुमा लाटीलाई घृणाका दृष्टिले हेर्ने म पात्रमा वासनात्मक राग वा दमित कामेच्छा जागृत भएपछि आफ्नी सुन्दर र सफा पत्नीमा समेत लाटीको प्रतिरूप देख्न थालेको कुरालाई कथामा सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ। खासगरी म पात्र, उसकी स्वास्नी र लाटी तीन चरित्रका माध्यमबाट कथानक गतिशील बनेको छ। यसको भाषा गद्य भए पनि विशिष्ट र आकर्षक छ। काव्यात्मक भाषाको प्रयोगले आकर्षण बढेको छ र सुन्दरता थपिएको छ। यस अध्ययनमा पारिजातको 'तिउरीको फूल पायरियाको गन्ध' कथामा अभिव्यक्तिलाई आकर्षक बनाई सौन्दर्य प्रदान गर्नका लागि केकस्ता समानान्तरता र विचलनको प्रयोग गरिएको छ भनेर प्रकाश पार्ने काम भएको छ।

## अध्ययनको विधि

यस लेखका लागि आख्यानकार पारिजातका कथाहरूमध्ये 'तिउरीको फूल पायरियाको गन्ध' कथा छनोट गरी त्यसमा प्रयुक्त समानान्तर अग्रभूमि र विचलन अग्रभूमि निर्माणको विश्लेषण गरिएको छ। सैद्धान्तिक आधार र विषय विश्लेषणका लागि पुस्तकालयसँग सम्बद्ध विभिन्न कृतिहरूको अध्ययन गरिएको छ। कथामा प्रयुक्त अग्रभूमि निर्माणलाई शैलीविज्ञानअन्तर्गत साहित्यिक कृतिको शैली विश्लेषण गर्ने पद्धतिहरूमध्ये अग्रभूमि निर्माण पद्धतिका आधारमा विश्लेषण गरी तिनका विशेषताहरू प्रस्तुत गरिएको हुनाले यो गुणात्मक ढाँचाको अध्ययन हो। विश्लेषणका

सन्दर्भमा पहिले अग्रभूमि निर्माणसम्बन्धी मान्यता प्रतिस्थापन गरी तिनलाई सम्बन्धित कथाका उद्धरणहरू प्रस्तुत गरेर पुष्टि गरिएको हुनाले यसमा आगमन विधिको उपयोग भएको छ । अग्रभूमि निर्माणअन्तर्गत समानान्तरता र विचलनका सन्दर्भ र तिनको पुष्टिका लागि निर्धारित कथाका अंशहरू प्रस्तुत गर्दै तिनको विश्लेषणबाट प्राप्त निष्कर्ष प्रस्तुत गरिएको छ ।

## अग्रभूमि निर्माणको सैद्धान्तिक आधार

अग्रभूमि निर्माण शैलीविज्ञानअन्तर्गत साहित्यिक कृतिको विश्लेषण गर्ने महत्त्वपूर्ण पद्धति हो । यो साहित्यिक रचनामा लेखकले आफ्ना विचार प्रस्तुत गर्दा नवीनता सिर्जना कसरी गरेको छ भनेर विश्लेषण गर्ने मुख्य आधार हो । शर्मा (२०४८) का अनुसार साहित्यिक रचनामा पुरानो मान्यतालाई तोडेर नयाँ मान्यता वा व्यवस्था अँगाल्ने प्रवृत्ति बढी पाइन्छ । यही पुरानो मान्यतालाई पश्चभूमिको प्रयोग भनिन्छ भने नयाँ मान्यतालाई विशिष्ट व्यवस्था वा अग्रभूमि निर्माण भनिन्छ । लेखकले जुन कुरालाई प्रभावकारी रूपमा प्रस्तुत गर्न खोजेको हो त्यसमा विशेष बल दिएर विशिष्ट तुल्याएको हुन्छ । विचारलाई प्रभावकारी बनाउनकै लागि पद्यका साथै गद्य साहित्यका विभिन्न विधाका रचनामा भाषाको विशिष्ट रूपको प्रयोग गरिएको हुन्छ । कुन विचारलाई प्रभावकारी बनाउनका लागि रचनाको कुनकुन अंशलाई विशिष्ट रूपमा प्रस्तुत गरिएको छ भनेर हेर्ने आधार अग्रभूमि निर्माण सिद्धान्तबाट प्राप्त हुन्छ । अधिकारी (२०६७) का अनुसार यस सिद्धान्तका प्रतिपादक भाषावैज्ञानिक मुकारोभ्स्की हुन् । यिनले काव्यभाषाको सिर्जनामा अग्रभूमिलाई विशेष महत्त्व दिएको पाइन्छ । प्रचलित प्रयोगभन्दा बढी स्मरणीय हुनु, प्रभावशाली हुनु, महत्त्वपूर्ण हुनु, अनौठोपन वा वक्रताले गर्दा व्याख्येय  बन्न सक्नु अग्रभूमि निर्माणका आधार मानिन्छन् । यस पद्धतिमा प्रचलित परम्परामा पश्चभूमिमा रहेको सूचनालाई प्रभावकारी बनाउन वा आकर्षक देखाउन अग्र भागमा ल्याइन्छ । साहित्यिक कृतिमा अभिव्यक्ति माध्यमका कुनै पक्षलाई भङ्गिमाको वक्रताद्वारा तिख्याउनु वा उद्याउनु नै अग्रभूमीकरण हो (शर्मा र लुइटेल, २०६१, पृ. २५१) । बढी प्रयोगका कारण रुढ र यान्त्रिक हुँदै गएका संवेदनाहरूलाई तोड्नु र तिनमा नयाँ रङ्ग भरेर वस्तुजगत्प्रतिको रुढ बोधमा साजीपन ल्याउनु अग्रभूमि निर्माणको उद्देश्य हो (शर्मा, २०४८, पृ. २७) । ओझा र न्यौपाने (२०७१) का अनुसार अग्रभूमि निर्माणका क्रममा भाषाको मानक प्रयोगलाई व्यवस्थित रूपमा भङ्ग गरेर अपरम्परित र नवीन प्रयोग गर्ने काम गरिन्छ । समानान्तरता र विचलन अग्रभूमि निर्माणका मुख्य उपकरण हुन् । यिनलाई समानान्तर अग्रभूमि र विचलन अग्रभूमिका रूपमा पनि चिनिन्छ ।

## समानान्तर अग्रभूमि

भाषाप्रयोगमा नियमित पुनरावृत्तिलाई समानान्तर अग्रभूमि निर्माण भनिन्छ । यसलाई समान तत्त्वहरूको पुनरावृत्तिका रूपमा बुझ्न सकिन्छ । समानान्तरताले भाषाको प्रयोगमा अझ नियमितता सृजना गरेर आकर्षण बढाउँछ (अधिकारी, २०६७, पृ. २७७) । समानान्तरता सोद्देश्य हुनुपर्छ । विशेषगरी भावावेग, हर्ष, बिस्मात जस्ता अभिव्यक्तिमा यसको प्रयोग गरिन्छ । साहित्यिक कृतिमा समानान्तरता कुनै भाषिक लक्षण वा पुनरावृत्तिको नियमितताका रूपमा देखापर्छ (शर्मा र लुइटेल, २०६१, पृ.२५२) । यो पनि बाह्य र आन्तरिक गरी दुई प्रकारको हुन्छ ।

ध्वन्यात्मक वा शाब्दिक पुनरावृत्ति बाह्य समानान्तरता हो । यो भाषाका ध्वनि, वर्ण, रूप, पद, पदावली र वाक्यको पुनरावृत्तिमा देखिन्छ । शब्दालङ्कारमा पाइने अनुप्रास वा शब्दवैचित्र्यमा बाह्य समानान्तरता पाइन्छ । अन्य विधाका तुलनामा कविता काव्यमा पाइने अनुप्रास अलङ्कारमा बाह्य समानान्तरताको प्रयोग बढी पाइन्छ भने कतिपय आख्यानात्मक विधामा पनि काव्यात्मक भाषा र

शब्दवैचित्र्यको प्रयोग पाइन्छ ।

आन्तरिक समानान्तरता अर्थगत पुनरावृत्ति हो । शर्मा (२०४८) का अनुसार यसमा भावार्थ र वाच्यार्थको आवृत्ति हुन्छ । बाह्य समानान्तरताका तुलनामा आन्तरिक समानान्तरता अमूर्त र सूक्ष्म खालको हुन्छ । यसरी शाब्दिक पुनरावृत्ति बाह्य समानान्तरता हो भने अर्थका तहमा हुने पुनरावृत्ति आन्तरिक समानान्तरता हो ।

## विचलन अग्रभूमि

साहित्यिक रचनामा नियम वा मानकको उल्लङ्घन गर्नु नै विचलन अग्रभूमि हो । विचलनलाई सामान्यतया समानान्तरताको विपरीत पनि मानिन्छ । यसमा मानकको अतिक्रमण गरिन्छ, त्यसैले यो मानकेतर प्रयोग हो । विचलनले नै साहित्यिक भाषाको पदक्रम विशिष्ट हुन्छ । साहित्यिक कृतिमा सार्थक विचलन हुनुपर्ने मान्यता छ । प्रचलन र मानकको विचलन गरी काव्यमा सौन्दर्य बढाउने कार्य गरिन्छ । अन्जानमा गरिने गलत भाषिक प्रयोग विचलन होइन । काव्यको सौन्दर्य बढाउने लक्ष राखेर विचलन गरिने भएकाले यो उद्देश्यपूर्ण हुन्छ (ओझा र न्यौपाने, २०७१, पृ. १२०) । विचलन भाषाका विभिन्न एकाइमा हुन सक्छ । यस आधारमा कोशीय, व्याकरणिक, भाषिक, प्रयुक्तिगत, आर्थी विचलन आदि विभिन्न प्रकारका हुन्छन् ।

शब्दकोशमा प्रविष्टि नपाएका शब्द प्रयोग गर्नु कोशीय विचनल हो । व्याकरणका लिङ्ग, वचन, पुरुष, कारक, पदक्रम आदिमा पाइने विचलनलाई व्याकरणिक विचलन भनिन्छ । भाषाको मानक रूपभन्दा भिन्न स्थानीय वा क्षेत्रीय भेदका शब्दको प्रयोग हुनु भाषिक विचलन हो । एउटा सन्दर्भमा प्रयोग हुने अभिव्यक्ति अर्को सन्दर्भमा प्रयोग भयो भने त्यसलाई प्रयुक्ति विचलन मानिन्छ । सामान्य अर्थ वा वाच्यार्थले अर्थ बुझाउन सकेन र अर्को अर्थ लक्ष्यार्थ वा व्यङ्ग्यार्थद्वारा अर्थ बुझियो भने त्यसलाई आर्थी विचलन मानिन्छ ।

## विषय विश्लेषण

'तिउरीको फूल पायरियाको गन्ध' प्रतीकात्मक शीर्षक भएको कथा हो । यसमा तिउरीको फूलले म पात्रकी सभ्य सुसंस्कृत श्रीमतीलाई बुझाएको छ भने पायरियाको गन्धले हेपिएकी, सडकमा फालिएकी, मन्दिरको पेटीमा रात गुजार्ने दैनिकजसो बलात्कारमा पर्ने दुःखद र कारुणिक जीवन व्यतीत गर्ने लाटीलाई बुझाएको छ । म पात्रले सुरुमा लाटीलाई घृणाको दृष्टिले हेर्छ तर अफिस जाँदा आउँदा बैँसालु लाटीलाई देख्दा देख्दै ऊभित्रको दमित वासना जागृत हुन्छ र आफ्नी पत्नीमा पनि लाटीकै प्रतिरूप देख्न थाल्छ । यसरी नकारात्मक र घृणाको दृष्टिले हेरिएको कुरालाई पनि सकारात्मक र यौन भावनाले हेर्न थालेपछि राम्रो र सुन्दर लाग्न थाल्छ भन्ने आशय कलात्मक रूपमा प्रस्तुत भएको छ । कथामा लाटीको विसङ्गत जीवनको चित्रणमा म पात्रको यौनमनोराग व्यक्त भएको छ र विसङ्गतिभित्र पनि अस्तित्व खोज्ने प्रयास देखिन्छ । कथाको कथ्य रूपमा आएका यी विचारहरूलाई निम्नलिखित समानान्तर अग्रभूमि र विचलन अग्रभूमिका माध्यमबाट सुन्दर रूपमा प्रस्तुत गरिएको छ :

## समानान्तर अग्रभूमि

प्रस्तुत कथामा शाब्दिक रूपमा प्रस्तुत हुने बाह्य समानान्तरता र अर्थगत पुनरुक्ति वा भावगत पुनरावृत्तिद्वारा प्रस्तुत हुने विभिन्न आर्थी समानान्तरताका विभिन्न प्रयोगहरू पान्छन् । यिनलाई अलगअलग रूपमा प्रस्तुत गर्न सकिन्छ ।

**बाह्य समानान्तरता**

यसमा भाषाका ध्वनि, वर्ण, रूप, पद, पदावली र वाक्यमध्ये पद वा शब्दका तहमा हुने पुनरावृत्तिका साथै शब्दालङ्कारमा पाइने अनुप्रास वा शब्दवैचित्र्यको सुन्दर प्रयोग भेटिन्छ। निम्नलिखित उद्धरणहरूलाई बाह्य समानान्तरताको उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ :

१. ऊ लाटी, उसको गीत लाटो, बैंस लाटो सायद मासु पनि लाटो। (पृ.१८२)
२. मलाई मेरी स्वास्नीसँग घृणा लागेर आउँछ। मलाई सबै स्वास्नीमान्छेसँग घृणा लागेर आउँछ। म चिनिरहेछु मेरी स्वास्नीलाई, तर मेरो चेतनाले मलाई ठग्छ। म स्वास्नीपट्टि ढाड फर्काएर सुत्छु। (पृ.१८३)
३. घरीघरी मेरी स्वास्नीलाई म नराम्री देख्छु, घरीघरी ऊ गह्रुङ्गो हिँडेको जस्तो लाग्छ। घरीघरी उसको झिलिक्क टल्किरहेको दाँत देख्छु, अनि मलाई हाँसो उठ्छ आफैँप्रति। (पृ.१८३)
४. साँझ होटल भन्यो, साथीभाइ भन्यो, गफसफ भन्यो, कहिले बार भन्यो यसै समय बित्छ। (पृ.१८४)
५. किन भेटाइरहने त्यो टुरिस्ट गाइड, किन आफ्नो कपाल दुखाइरहने। (पृ.१८४)
६. आज उसको विशेष दिन होला कमलपोखरीको टालो बेरेकी छ, तर यस्तो टालो ऊ आज लगायो भोलि फाल्छे। उसलाई टालो दिएर साध्य हुँदैन। त्यही टालो पनि ऊ घुँडासम्म अझ माथितिर मात्र बेर्छे। (पृ.१८४)
७. 'हृदयमा नअटाई जवानीको भार, निधारमा टल्किएको पसिना भई प्यार .....' भनेको। (पृ.१८४)
८. उसले पनि यी साँझहरूलाई तह लगाउँदा-लगाउँदा थाकी होली। (पृ.१८५)
९. म फर्किन्छु उही बाटो, मोड र मन्दिर भएर, बाटो सबै चम्कन्छन् .... रात शीतल नै छ, तर मभित्र गर्मी छ, छटपटी छ, कुनै पीरबिना अर्थबिना ममा आएको। (पृ.१८७)
१०. म नाङ्गै देखिरहेछु लाटीलाई यो सत्य, तर होइन, सत्य धेरै बूढो भैसक्यो, सायद मरि पनि सक्यो। साँच्चै सत्य मर्नुको अर्थ यी सबै असत्य प्रमाणित हुनु पनि होइन। (पृ.१८८)

उदाहरण १ मा विशेष अर्थ अभिव्यञ्जनका लागि एउटै वाक्यमा *लाटो* शब्दको चारपटक आवृत्ति भई बाह्य समानान्तरताको प्रयोग भएको छ।

उदारण २ को अनुच्छेदमा चार वाक्य छन् र चार ओटै वाक्यमा *स्वास्नी* शब्द प्रयोग भएको छ। विशेष अर्थद्योतनका लागि *स्वास्नी* शब्दको पुनरुक्तिद्वारा समानान्तरता प्रस्तुत भएको छ।

उदाहरण ३ को अनुच्छेदमा प्रयुक्त दुई वाक्यमा घरी शब्दको द्वित्व रूप *घरीघरी*को पुनरुक्तिद्वारा बाह्य समानान्तरता उत्पन्न भएको छ र अर्थमा विशेषता थपिएको छ।

उदाहरण ४ मा भन्यो शब्द दोहोरिएर समानान्तरता उत्पन्न भएको छ र उक्त प्रक्रियाद्वारा अपेक्षित चाह पूरा नभएको असन्तोष अभिव्यञ्जित भएको पाइन्छ।

उदाहरण ५ मा किन शब्दको पुनरुक्तिद्वारा भनाइलाई विशेष बनाइएको छ।

उदाहरण ६ मा *टालो* र *बेर्ने* शब्द विशेष रूपमा दोहोरिएर समानान्तरता उत्पन्न भएको छ।

उदाहरण ७ मा *जवानीको भार* र *पसिना भई प्यार*मा भार-प्यार अन्त्यानुप्रासद्वारा समानान्तरता उत्पन्न भएको छ।

उदाहरण ८ मा *लगाउँदा-लगाउँदा*मा बाह्य समानान्तरता उत्पन्न भएको छ।

उदाहरण ९ मा *बाटो* र *बिना* शब्दको पुनरुक्तिद्वारा समानान्तरता उत्पन्न भएको छ।

उदाहरण १० मा पटकपटक दोहोरिएको *सत्य* शब्दमा समानान्तरता छ भने मर्नु शब्द पनि दोहोरिएर कलात्मकता थपिएको छ ।

**आन्तरिक समानान्तरता**

प्रस्तुत कथामा भावार्थ र वाच्यार्थको आवृत्तिद्वारा आन्तरिक समानान्तरता प्रस्तुत भएको छ । उदाहरणका लागि निम्नलिखित उद्धरणहरू प्रस्तुत गर्न सकिन्छ :

१. ऊ लाटी, उसको गीत लाटो, बैंस लाटो सायद मासु पनि लाटो । (पृ.१८२)
२. साँझ होटल भन्यो, साथीभाइ भन्यो, गफसफ भन्यो, कहिले बार भन्यो यसै समय बित्छ । (पृ.१८४)
३. खास अर्थमा यस मोडमा म अब विशेष राति आउँदिनँ अर्थात् यहाँबाट भएर दिउँसै घर पुगिहाल्छु । (पृ.१८४)
४. किन भेटाइरहने त्यो टुरिस्ट गाइड, किन आफ्नो कपाल दुखाइरहने । दिउँसो साँच्चै म आफैलाई जितेर, मनलाई जितेर आधा दिनमा नै घर फर्कन्छु । (पृ.१८४)
५. उसलाई बैंस चढेको छ, अहिले ऊ फुलेकी छ कल्कीको फूलजस्तै रातै भएर (पृ.१८५) ।
६. रात शीतल नै छ, तर मभित्र गर्मी छ, छटपटी छ, कुनै पीरबिना अर्थबिना ममा आएको । (पृ.१८७)

उदाहरण १ मा उसको लाटोपनको अर्थलाई गीत, बैंस र मासुको लाटोपनद्वारा भावार्थको पनि पुनरावृत्ति भएको छ र अर्थमा चमत्कार थपिएको छ ।

उदाहरण २ मा साँझ होटल भन्यो, साथीभाइ भन्यो, गफसफ भन्यो, कहिले बार भन्यो सबै भनाइको अर्थ र यसै समय बित्छ अर्थसँग अर्थगत समानान्तरता छ ।

उदाहरण ३ मा यस मोडमा म अब विशेष राति आउँदिन भन्ने वाक्यले बुझाउने अर्थलाई यहाँबाट भएर दिउँसै घर पुगिहाल्छु भन्ने वाक्यको अर्थले समर्थन गरेको छ अर्थात् भावगत समानान्तरता छ ।

उदाहरण ४ मा पहिलो वाक्यमा टुरिस्ट गाइडलाई भेटेर केही काम छैन भन्ने आशयलाई किन आफ्नो कपाल दुखाइरहने भन्ने वाक्यको अर्थले समर्थन गर्नु आन्तरिक समानान्तरता हो भने दोस्रो वाक्यमा पनि आफैलाई जित्नु र मनलाई जित्नु अर्थगत समानान्तरता हो ।

उदाहरण ५ मा उसलाई बैंस चढ्नु, ऊ फुल्नु र कल्कीको फूलजस्तै रातै हुनुमा अर्थगत समानान्तरता छ ।

उदाहरण ६ मा गर्मी हुनु र छट्पटी हुनुमा आन्तरिक (अर्थगत) समानान्तरता छ ।

यहाँ उल्लेखनीय कुरा के छ भने शाब्दिक पुनरुक्तिद्वारा बाह्य समानान्तरताको सुन्दर प्रयोग भएका धेरैजसो अभिव्यक्तिहरूमा अर्थगत पुनरुक्तिद्वारा आन्तरिक समानान्तरता पनि प्रयोग भएको भेटिन्छ । यसरी प्रस्तुत कथामा समानान्तर अग्रभूमि निर्माणको सुन्दर प्रयोगद्वारा विशेष अर्थ प्रस्तुत भएको छ भन्ने तथ्य स्पष्ट हुन्छ ।

**विचलन अग्रभूमि**

प्रस्तुत कथामा भाषाको बाह्य रूपमा पाइने विभिन्न प्रकारका शाब्दिक विचलन र आन्तरिक रूपमा पाइने आर्थी विचलनका विभिन्न प्रयोगहरू पान्छन् । यिनलाई अलगअलग रूपमा प्रस्तुत गर्न सकिन्छ ।

**शाब्दिक विचलन**

यसमा विभिन्न प्रकारका शाब्दिक विचलनद्वारा विशिष्ट पदक्रम सिर्जना भएको देखिन्छ। व्याकरणिक, कोशीय, भाषिक आदि भाषाको बाह्य रूपमा पाइने विचलनहरूमध्ये यसमा व्याकरणिक विचलनको अधिक प्रयोग भएको पाइन्छ। निम्नलिखित उद्धरणहरूलाई शाब्दिक वा व्याकरणिक विचलनको उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ :

१. सिमसिम पानीले भिजेको सडक। (पृ.१८२)
२. यो बगल लागेर बसेको मन्दिर। (पृ.१८२)
३. सडकको पल्लो छेउमा एउटा ठिटो गइरहेको छ मन्दिरतिर। (पृ.१८२)
४. थालमा भात निखन्छ, खाएको त्यस्तो थाहा हुँदैन मलाई। (पृ.१८२)
५. मलाई हाँसो उठ्छ आफैँप्रति। (पृ.१८३)
६. मलाई पायरिया गनाउँछ, हिजोको भन्दा चर्को (पृ.१८४)।
७. पहेँलो घाममा पल्टेको छ काठमाडौँ सहर। (पृ.१८५)
८. यही त सोच्दी हो लाटी लाममा उभिएका घरहरूलाई हेरेर। घरबाहिरै फालेको होला कुनै कुमारी आमाले यसको लाटो अस्तित्वलाई पनि। (पृ.१८५)
९. के फुर्ती लगाउँछन् मानिसहरू घर भनाउँदा थुम्काथुम्कीहरूमा गुटमुटिएर ! मानिसले आफूलाई कति नै सुरक्षित ठान्दा हुन् घरभित्र बसेर (पृ.१८६)।
१०. म फर्किन्छु उही बाटो, मोड र मन्दिर भएर, बाटो सबै चम्कन्छन् .... छटपटी छ, कुनै पीरबिना अर्थबिना ममा आएको। (पृ.१८७)
११. यो चाहिन्छ हामीलाई चाहे भोग्नलाई होस्, चाहे थाहासम्म पाउनलाई। (पृ.१८८)

उदाहरण १ मा सिमसिम पानीले सडक भिजेको (छ) भन्ने सामान्य पदक्रम नभएर विशिष्ट पदक्रम छ र क्रियाको पनि लोप छ।

उदाहरण २ मा छ क्रियाको लोप छ र यो मन्दिर बगल लागेर बसेको छ भन्ने सामान्य पदक्रम नभएर व्याकरणिक विचलनद्वारा विशिष्ट पदक्रम सिर्जना भएको छ।

उदाहरण ३ मा सडकको पल्लो छेउमा एउटा ठिटो मन्दिरतिर गइरहेको छ भन्ने सामान्य पदक्रमका सट्टा व्याकरणिक विचलनद्वारा विशिष्ट पदक्रम सिर्जना भएको छ।

उदाहरण ४ मा थालमा भात निखन्छ, मलाई खाएको त्यस्तो थाहा हुँदैन भन्ने सामान्य पदक्रमका सट्टा व्याकरणिक विचलनद्वारा विशिष्ट पदक्रम सिर्जना भएको छ।

उदाहरण ५ मा मलाई आफैप्रति हाँसो उठ्छ भन्ने सामान्य पदक्रमको सट्टा विशिष्ट पदक्रम छ।

उदाहरण ६ मा मलाई पायरिया हिजोको भन्दा चर्को गनाउँछ भन्ने सामान्य पदक्रम नभएर विशिष्ट पदक्रम छ।

उदाहरण ७ मा काठमाडौँ सहर पहेँलो घाममा पल्टेको छ भन्ने समान्य पदक्रम नभएर विशिष्ट पदक्रम सिर्जना गरिएको।

उदाहरण ८ मा लाममा उभिएका घरहरूलाई हेरेर यही त सोच्दी हो लाटी। कुनै कुमारी आमाले यसको लाटो अस्तित्वलाई पनि घरबाहिरै फालेको होला भन्ने सामान्य पदक्रमका सट्टा विशिष्ट पदक्रम सिर्जना गरिएको छ।

उदाहरण ९ मा पहिलो वाक्यमा मानिसहरू घर भनाउँदा थुम्काथुम्कीहरूमा गुट्मुटिएर के फुर्ती लगाउँछन् र दोस्रो वाक्यमा मानिसले घरभित्र बसेर आफूलाई कति नै सुरक्षित ठान्दा हुन् भन्ने सामान्य पदक्रमका सट्टा विशिष्ट पदक्रम सिर्जना भएको छ।

उदाहरण १० मा म उही बाटो, मोड र मन्दिर भएर फर्किन्छु, सबै बाटा चम्कन्छन् .... ममा कुनै पीरबिना अर्थबिना छट्पटी आएको छ भन्ने सामान्य पदक्रम नभएर विशिष्ट पदक्रमद्वारा अर्थ प्रस्तुत भएको छ । 'बाटो सबै चम्कन्छन्'मा वचन व्याकरणको विचलन देखिन्छ ।

उदाहरण ११ मा चाहे भोग्नलाई होस्, चाहे थाहासम्म पाउनलाई यो हामीलाई चाहिन्छ भन्ने सामान्य पदक्रम नभएर विशिष्ट पदक्रमद्वारा अर्थ प्रस्तुत भएको छ ।

यसरी विभिन्न प्रकारका बाह्य विचलनमध्ये प्रस्तुत कथामा व्याकरणिक विचलनको सुन्दर प्रयोग पाइन्छ । व्याकरणिकअन्तर्गत पनि पदक्रमककै विचलन बढी देखिन्छ । यस क्रममा कर्ता, कर्म र क्रियाको सामान्य वा व्याकरणिक पदक्रमका सट्टा विशिष्ट पदक्रमयुक्त वाक्यमा विशेष अर्थ अभिव्यञ्जित भएको पाइन्छ । कतिपय वाक्यमा वचनगत विचलनको प्रयोग पनि भेटिन्छ । यी विचलनहरू सार्थक प्रयोगमा आएका छन् र अभिव्यक्तिलाई कलात्मक र विशिष्ट बनाउन सहयोगी बनेका छन् ।

### आर्थी विचलन

प्रस्तुत कथामा वाच्यार्थको विचलनद्वारा लक्ष्यार्थ/व्यङ्ग्यार्थ प्रस्तुत भएको पाइन्छ । एउटा सन्दर्भमा प्रयोग हुने शब्द अर्कै सन्दर्भमा प्रयोगमा आई विशेष अर्थ बुझाउने प्रयुक्ति विचलनलाई पनि आर्थी विचलनकै तहमा राखेर हेर्न सकिन्छ । निम्नलिखित उद्धरणहरूलाई आर्थी विचलनको उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ :

१. यो बगल लागेर बसेको मन्दिर । (पृ.१८२)

२. उसका तर्सेका आँखाहरूमा याचना छन् र भनिरहेकी छ, मोडनिरको रिक्सावाला र पुलिसले उसलाई दिउसै पनि दुःख दिन्छन्, तर ती याचना पढिरहने मलाई आवश्यकता छैन । (पृ.१८४)

३. उसलाई बैँस चढेको छ, अहिले ऊ फुलेकी छ कल्कीको फूलजस्तै रातै भएर (पृ.१८५) ।

४. एक दिनको साँझ, पहेँलो घाममा पल्टेको छ काठमाडौँ सहर । (पृ.१८५)

५. उसले पनि यी साँझहरूलाई तह लगाउँदा-लगाउँदा थाकी होली । (पृ.१८५)

६. घरबाहिरै फालेको होला कुनै कुमारी आमाले यसको लाटो अस्तित्वलाई पनि । (पृ.१८५)

७. म नाङ्गै देखिरहेछु लाटीलाई यो सत्य, तर होइन, सत्य धेरै बूढो भैसक्यो, सायद मरि पनि सक्यो । साँच्चै सत्य मर्नुको अर्थ यी सबै असत्य प्रमाणित हुनु पनि होइन । (पृ.१८८)

८. एउटा गह्रुङ्गो वेदनाले मलाई झन्डै सास निभ्ने गरी हिर्काउँछ (पृ.१८८) ।

९. ऊ छक्कापन्जा केही जान्दिन । (पृ.१८२)

उदाहरण १ मा सामान्य अर्थमा मन्दिर कुनै सजीव प्राणी नभएको हुनाले बगल वा छेउ लागेर बसेको कुरा मिल्दैन । त्यसैले आर्थी विचलनद्वारा विशेष अर्थ प्रस्तुत भएको छ ।

उदाहरण २ मा सामान्य अर्थमा आँखाहरूमा याचना हुनु र तिनलाई पढिरहने कुरा मिल्दैन । त्यसैले आर्थी विचलनद्वारा विशेष अर्थ प्रस्तुत भएको छ ।

उदाहरण ३ मा सामान्य अर्थमा बैँस चढ्न सक्दैन र लाटी पनि फूलजस्तै फुल्न सक्तैन । त्यसैले आर्थी विचलनद्वारा कलात्मक अभिव्यक्ति प्रस्तुत भएको छ ।

उदाहरण ४ मा सामान्य अर्थमा काठमाडौँ सहर कुनै सजीव प्राणी होइन, त्यसैले त्यो पल्टेको छ वा सुतेको छ भन्न मिल्दैन । यहाँ आर्थी विचलनद्वारा गोधुली साँझमा काठमाडौँ सहर सुन्दर देखिन्छ भन्ने अर्थ प्रस्तुत गरिएको छ ।

उदाहरण ५ मा साँझहरूलाई तह लगाउने कुरा सामान्य रूपमा मिल्दैन तर आर्थी विचलनद्वारा साँझ परेपछि लाटीले भोग्नुपर्ने दुर्व्यवहार र मानसिक कष्ट प्रस्तुत भएको छ ।

उदाहरण ६ मा सामान्य अर्थमा अस्तित्व कुनै मूर्त वस्तु नभएको हुनाले त्यसलाई घरबाहिर वा कतै फाल्न सकिँदैन, तर आर्थी विचलनद्वारा कुनै कुमारी आमाले लोकलाजबाट बच्नका लागि अवैध गर्भबाट जन्मेकी लाटीरूपी अस्तित्वलाई घरबाहिरै फालेको हुन सक्छ भन्ने आशय व्यक्त भएको छ ।

उदाहरण ७ मा लाटीलाई नाङ्गै देखिरहनु, सत्यलाई धेरै बुढो भइसकेको र मरि पनि सके होला भन्ने अभिव्यक्ति सामान्य अर्थमा मेल खाँदैन र आर्थी विचलनद्वारा विशेष अर्थ प्रस्तुत भएको छ ।

उदाहरण ८ मा सामान्य अर्थमा वेदनामा सास निभ्ने गरी हिर्काउने सामर्थ्य छैन । त्यसैले आर्थी विचलनद्वारा विशेष अर्थ प्रस्तुत भएको छ ।

उदाहरण ९ मा तासको खेलमा प्रयोग हुने छक्कापन्जा म पात्रकी श्रीमतीको स्वभाव सोझोपनको वर्णन गर्न प्रस्तुत भएको छ । यसरी एउटा सन्दर्भमा प्रयोग हुने शब्दको अर्थ अर्कै सन्दर्भको अर्थ बुझाउन आएको हुनाले यहाँ प्रयुक्तिगत विचलन देखिन्छ ।

यसरी प्रस्तुत रचनामा विभिन्न सन्दर्भको आर्थी विचलनको सुन्दर प्रयोगद्वारा कथाको कथ्य लक्ष्यार्थ र व्यङ्ग्यार्थमा अभिव्यञ्जित छ ।

## निष्कर्ष

पारिजातको 'तिउरीको फूल पायरियाको गन्ध' कथामा अभिव्यक्तिलाई आकर्षक र सुन्दर बनाउनका लागि केकसरी अग्रभूमीकरण गरिएको छ भन्ने कुरालाई मुख्य समस्या मानी प्रस्तुत लेख तयार पारिएको हो । यसमा समानान्तर अग्रभूमि र विचलन अग्रभूमिको सैद्धान्तिक उपस्थापनपछि कथाका उद्धरणहरूमा पाइने विशेषताहरूको विश्लेषण गरिएको छ । त्यसैले यो अध्ययन गुणात्मक ढाँचामा आधारित छ । भाषाको सामान्य रूपको प्रयोग औपचारिक तथा अनौपचारिक व्यवहार र साहित्येतर विषयमा गरिन्छ भने विशिष्ट रूपको प्रयोग साहित्यिक रचनामा हुन्छ । यसरी प्रयोग हुने विशिष्ट रूपका प्रकार र प्रक्रियाको अध्ययन गर्ने मुख्य सिद्धान्त शैलीविज्ञानअन्तर्गतको अग्रभूमि निर्माण हो । साहित्यिक रचनामा लेखकले अग्रभूमीकरण प्रक्रियाद्वारा आफ्ना विचारलाई प्रभावकारी रूपमा प्रस्तुत गरेको हुन्छ । यस प्रक्रियामा साहित्यिक रचनाका विभिन्न अंशलाई विशिष्ट रूपमा प्रस्तुत गरिएको हुन्छ । यस सिद्धान्तका आधारमा रचनाका कुन कुन अंशहरू विशिष्ट छन् अर्थात् केकस्ता समानान्तरता र विचलनहरू प्रयोग भएका छन् र तिनले केकसरी विचारलाई प्रभाव पारेका छन् भनेर व्याख्या विश्लेषण गर्न सकिन्छ । विचारलाई प्रभावकारी बनाउनकै लागि पद्यका साथै गद्य साहित्यका विभिन्न विधाका रचनामा भाषाको विशिष्ट रूपको प्रयोग गरिएको हुन्छ । अभिव्यक्तिको जुनजुन अंशमा विशिष्ट रूप हुन्छ तिनलाई समानान्तरता र विचलनले चिनाइन्छ । यसै आधारमा विश्लेष्य कथाका विभिन्न अंशमा प्रयुक्त विशिष्ट भाषिक रूपको पहिचान गरी समानान्तरता र विचलनको निर्धारण गरिएको छ ।

पारिजातको प्रस्तुत कथा अग्रभूमि निर्माणको सुन्दर प्रयोग हो भन्नका लागि माथि प्रस्तुत गरिएका अभिव्यक्तिगत तथ्यहरूबाट स्पष्ट हुन्छ । यसमा विभिन्न प्रकारका समानान्तरता र विचलनद्वारा अभिव्यक्तिलाई विशिष्ट बनाइएको छ । कतिपय अभिव्यक्तिमा बाह्य समानान्तरता र आन्तरिक समानान्तरता एकै ठाउँमा भेट्न सकिन्छ भने व्याकरणिक विचलन र आर्थी विचलनका साथै प्रयुक्ति विचलनको सुन्दर प्रयोगले कथा पनि विशिष्ट र रोचक बनेको छ । 'तिउरीको फूल पायरियाको गन्ध' कथामा म पात्रको माध्यमबाट पहिले नराम्रो र कुरूप देखेको वस्तुलाई पनि यौन

भावनाले हेऱ्यो भने सुन्दर र सफा देखिन्छ र त्यसैमा आकर्षित हुन थाल्छ भन्ने मूल मर्म समानान्तरता र विचलनको प्रयोगद्वारा प्रभावकारी र कलात्मक रूपमा प्रस्तुत भएको छ। कथामा लाटीको विसङ्गत जीवनको चित्रणमा म पात्रको यौनमनोराग व्यक्त भएको छ र विसङ्गतिभित्र पनि अस्तित्व खोज्ने प्रयास देखिन्छ। यसरी प्रस्तुत अध्ययनबाट अग्रभूमि निर्माणका मुख्य उपकरणहरू समानान्तरता र विचलनका आधारमा कुनै पनि साहित्यिक कृतिमा प्रयुक्त भाषाको सौन्दर्य पक्षको अध्ययन गरी शैली विश्लेषण गर्न सकिन्छ भन्ने तथ्य स्पष्ट हुन्छ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०६७). *सामाजिक र प्रायोगिक भाषाविज्ञान.* काठमाडौँ : रत्नपुस्तक भण्डार।

शर्मा, मोहनराज (२०४८). *शैलिविज्ञान.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

शर्मा, मोहनराज (२०६०). *आधुनिक भाषाविज्ञान.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६१). पूर्वीय र *पाश्चात्य साहित्य सिद्धान्त.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

पारिजात (२०६०). "तिउरीको फूल पायरियाको गन्ध". *नेपाली कथा भाग ४.* दयाराम श्रेष्ठ (सम्पा.) ललितपुर : साझा प्रकाशन।